# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाण्डौं
३ नं. प्रदेश नेपाल
फोन नं : ०१-४३१५७६६

प.सं. :- ०७४/०७५
च.नं. :- १०९१

मिति : २०७४/०५/१९

बिषयः सार्वजनिक सुनवाई संचालन गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालय (सवै)
चन्द्रागिरि नगरपालिका

प्रस्तुत विषयमा केन्द्रिय पञ्जीकरण विभाग, ववरमहल, काठमाडौंको प.स. २०७४/०७५ च.नं.२३ मिति २०७४/४/१० को पत्रथान १ यसैसाथ संलग्न छ । पत्रमा उल्लेख भए अनुसार आ.व. २०७३/०७४ सालको सामाजिक सुरक्षा भत्ता वितरण भएको विषयको वडा स्तरमा सार्वजनिक सुनुवाई संचालन गर्नुहुन अनुरोध छ ।

कृष्ण प्रसाद जैसी
(कार्यकारी अधिकृत)

कृष्ण प्रसाद जैसी
कार्यकारी अधिकृत,

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाडौं

पत्र संख्याः २०७४।०७५
चलानी नम्वरः ०२३

फो.नं. ०१-४२३३८७९,४२४०२३९
फ्याक्स : ०१४२५८२४०

मितिः २०७४।०४।१०

विषयः आर्थिक वर्ष २०७४/७५ को लागि अख्तियारी माग सम्बन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय सबै
महानगरपालिकाको कार्यालय सबै
उपमहानगरपालिकाको कार्यालय सबै
नगरपालिकाको कार्यालय सबै
गाउँपालिकाको कार्यालय सबै

आर्थिक वर्ष २०७३/०७४ को लागि माग भए अनुसारको सामाजिक सुरक्षा भत्ता त्यस स्थानीय तहमा जिल्ला समन्वय समिति/नगरपालिका मार्फत वितरणको लागि उपलब्ध गराइएको हो । त्यसको अनुगमन गरी आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि सम्बन्धित स्थानीय तह (गाउपाँलिका/नगरपालिका) मा सिधै अख्तियारी पठाउने व्यहोरा जानकारी गराइन्छ । सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७३ संशोधनको क्रममा रहेकोले हाल विभिन्न समितिहरुलाई नयाँ संरचना अनुसार पुर्नगठन गर्नुपर्ने भएको र सामाजिक सुरक्षा भत्ता वितरण कार्य सहजरुपमा सञ्चालन तथा व्यस्थापन गर्न संलग्न पत्रानुसार अनुगमन समिति गठन गरिएको छ । यसका साथै श्रावण मसान्त भित्र भत्ता वितरण भएको विषयमा तल उल्लेखित भएअनुसार वडा स्तरमा सार्वजनिक सुनुवाई गर्न/गराउन हुन र त्यसबाट यस विभागलाई जानकारी गराउनहुन अनुरोध छ ।

**नोटः**

आर्थिक वर्ष २०७४/०७५ को लागि सबै स्थानीय तहले सम्पूर्ण लाभग्राहीको विवरण MIS Entry मा गरिने प्रविष्टि (लगतकट्टा/लगत थप सहित) लाई आधार बनाइ अख्तियारी पठाइने भएकोले MIS Entry दुरुस्त राख्नहुन अनुरोध छ ।

Online घटना दर्ता शुरु भएको आधारमा नाम दर्ता, लगत कट्टा भए/नभएको हेर्न समेत अनुरोध गर्दछु ।

**बोधार्थः-**

श्री स्वायत्त शासन महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७४।४।१२

अनिल कुमार ठाकुर
(महानिर्देशक)

### ५. सार्वजनिक सुनवाईको व्यहोराः-

प्रत्येक नगरपालिका तथा गाउँपालिकाहरुले प्रत्येक असार मसान्तामा सामाजिक सुरक्षा कार्यक्रममा भएको खर्च लक्षित वर्गको लगत कट्टा नाम दर्ता/नविकरण सम्बन्धमा गाउँपालिका/नगरपालिका सरोकारवालाहरुको समेत उपस्थितिमा विभिन्न पार्टीका प्रतिनिधि, जेष्ठ नागरीक संघ, एकल महिला संघ, अपाङ्ग संघ, पत्रकार बुद्धिजिबि, मानवअधिकारबादी, स्थानीय बुद्धिजिबीहरुको समेत संलग्नतामा सार्वजनीक सुनवाई गर्नुपर्ने छ ।